नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

बुद्धनगर, काठमाडौं

प.सं. ०८२/८३

चलानी नं.

# प्रेस विज्ञप्ती

मितिः- २०८२/०८/०४

सहकारी ऐन, २०७४ बमोजिम गठित यस समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले नेपाल सरकारबाट समस्याग्रस्त घोषित २३ वटा सहकारीको दायित्व र सम्पत्तीको व्यवस्थापनको कार्य गर्दै आएको सर्वविदितै छ । समिति आम पीडित वचतकर्ताहरुको वचत फिर्ता गर्ने कार्यका लागि विभिन्न विकल्पहरुका साथ अगाडि बढीरहेको समेत यहाँहरु सबैलाई अवगत नै छ । यसै सन्दर्भमा यस समितिका विरुद्ध विभिन्न माध्यमबाट अनर्गल प्रचार हुन गएको तर्फ यस समितिको गम्भीर ध्यानाकर्षण भएको छ । सो सम्बन्धमा आम वचतकर्ताहरुलाई त्यस प्रकारका भ्रम तथा हल्लाको विश्वास नगर्न यथार्थ विवरण सहित यो प्रेस विज्ञप्ती जारी गरिएको छ ।

१. वचत तथा ऋण मिलान कार्यमा शुल्कका रुपमा मिलान रकमको १०% (प्रतिशत) सम्बन्धित सहकारीको बैंक खातामा दाखिला गराउने गरिएकोमा उक्त कार्यलाई कार्यालयले पैसा उठायो भन्ने कपोकल्पित प्रचार गरिएको छ । उक्त रकम सम्बन्धित सहकारीको खातामा स्वयं बचतकर्ताले नै जम्मा गर्ने गरेको तथा उक्त रकम विशुद्ध रुपमा मिलान नभएका वचतकर्ताको वचत रकम फिर्ताका लागि प्रयोग गर्ने गरिएको छ । वचत फिर्ता बाहेक उक्त रकम अन्य कार्यमा खर्च भएको छैन र भविष्यमा पनि गरिने छैन ।

२. यस्तै तेस्रो पक्षको जग्गा मिलानबाट हालसम्म कुनै पनि ऋण वा दायित्व फरफारक भएको छैन ।

३. स्थापना काल देखि समितिले आ.व.२०८०/८१ असार मसान्तसम्म करीब ६ वर्षको अवधिमा रु.८३ करोड ६५ लाख २० हजार ८ सय ७४ बचत फिर्ता/मिलान गरेको छ भने यो समितिले कार्य प्रारम्भ गरे पछि आ.व. २०८१/८२ को असार मसान्तसम्म जम्मा ३६८९ जना मागदावीकर्ताको सम्पूर्ण रकम मागदावी फरफारक गरिएको छ भने यो अवधिमा विभिन्न सहकारीका ५६१०६ पहिलो चरणमा मागदावी गर्नु भएका वचतकर्ताहरुलाई रु.३५ करोड ८२ लाख ८ हजार १ सय २८ आंशिक रुपमा फिर्ता गर्ने प्रकृया चलिरहेको छ भने यो अवधिमा जम्मा रु.३ अरब २९ करोड ८४ हजार ७८० वचत रकम मिलान तथा दामासाहिले हुन आउने रकम बैंक मार्फत नगद वितरण गरिएको छ । वर्तमान समितिको कार्यकालमा वचत फिर्ता/मिलानमा तिब्र वृद्धि भएको व्यहोरा उल्लेखित तथ्यले पनि पुष्टि गर्दछ ।

४. यस्तै सञ्चालक, व्यवस्थापक तथा लेखा समितिका सबै सदस्यको चल अचल सम्पत्ति रोक्का गरिनुका साथै, ऋण तिर्न बाँकी ११ हजार ऋणीको समेत बैंक खाता तथा चल अचल सम्पत्ति रोक्का गरिएको छ । बाँकी ऋणीको समेत बैङ्क खाता तथा सम्पत्ति रोक्का राख्ने प्रकृयालाई निरन्तरता दिइएको छ।

सदस्य-सचिव

फोन नम्बरः- ०१-४७७१९९९/४७७१६८१/४७७०४७४/४७७०९३२

इमेलः- info.coopmc@gmail.com वेवसाइटः- www.coopmc.gov.np

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

बुद्धनगर, काठमाडौ

प.सं. ०८२/८३

चलानी नं.

५. मिति २०८२/०७/२६ गते देखी स्वयं व्यक्तिको वचत तथा एकाघरका परिवारको आपसि मिलान बाहेक अन्य ऋणी र वचतकर्ताको मिलान कार्य सम्पूर्ण रुपमा स्थगित गरिएको व्यहोरा समेत अवगत गराउदछौं।

यस्तो विषम परिस्थितिमा पीडित वचतकर्ताहरुको वचत फिर्ता कसरी गर्ने भनी विभिन्न विधिहरु अपनाई ऋणीहरुबाट ऋण उठाउने अथक प्रयास भइरहेको सर्वविदितै छ । पीडित वचतकर्ताहरु र वचतकर्ताहरुको हक हितका लागि सहकारी बचतकर्ता संरक्षण राष्ट्रिय अभियानबाट विभिन्न स्वरुपको वचत फिर्ता आन्दोलन गरिरहेको परिप्रेक्ष्यमा यसरी सडक आन्दोलनको सट्टा के गर्दा ऋणीहरुबाट ऋण उठाउन र ऋण नतिर्ने ऋणी तथा संचालक, अपचलन र दुरुपयोगमा संलग्न व्यक्तिहरु उपर तिव्र रुपमा कारवाही अगाडि बढाउनका लागि राष्ट्रिय अभियानबाट घोषित प्रदर्शन हड्ताल तथा विरोधका कार्यक्रमहरु फिर्ता लिई अभियानका प्रतिनिधि/पीडितका प्रतिनिधि, सम्बन्धित मन्त्रालय, समितिका पदाधिकारी सहित छलफल गरी समस्याको समाधान खोज्न यस समिति हार्दिक अनुरोध गर्दछ ।

०८२।०८।०४

सदस्य सचिव

फोन नम्बरः- ०१-४७७१९९९/४७७१६८१/४७७०४७४/४७७०९३२

इमेलः- info.coopmc@gmail.com वेवसाइटः- www.coopmc.gov.np